## निर्णयका लागि पेश भएका प्रस्तावहरु

१. नगरस्तरीय दररेट निर्धारण सिफारिस समिति गठन सम्बन्धमा ।

२. 'घ' वर्गको निर्माण व्यवसायी इजाजतपत्र दर्ता, नविकरण र नामसारीको शुल्क दस्तुर तोक्ने सम्बन्धमा ।

३. आ.व. २०७४/७५ को आन्तरीक लेखा परिक्षण गराउने सम्बन्धमा ।

४. २०७४ सालको S.E.E. परिक्षामा सर्वोत्कृष्ठ अङ्क प्राप्त गर्ने छात्र छात्राहरुलाइ पुरस्कृत गर्ने सम्बन्धमा ।

५. स्थानीय तहगत गरीब घरपरिवारको अन्तिम सुची सम्बन्धमा ।

Scanned by CamScanner

**निर्णय नं. १**

कार्यपालिकाको बैठकको कार्यसुचिमा चढी निर्णयका लागी पेश भएको नगरस्तरीय दररेट निर्धारण सिफारिस समिति गठन सम्बन्धमा छलफल गर्दा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ४१ मिति २०७५/०४/२२ को पत्रबाट गठन भइ आएको देहायको नगर दररेट निर्धारण समितिलाइ अनुमोदन गरी आगामी कार्यपालिकाको बैठकमा नगरपालिकाको न्युनतम दररेट निर्धारण गरी सिफारिस सहित पेश गर्न देहायको समितिलाइ निर्देशन दिने निर्णय गरीयो ।

क) नगर प्रमुख श्री सन्तलाल प्रसाद चौधरी - संयोजक
ख) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत प्रतिनिधि- सदस्य
ग) आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य
घ) स्थानीय/जिल्ला उद्योग वाणिज्य संधको प्रतिनिधि - सदस्य
ङ) स्थानीय/जिल्ला निर्माण व्यवसायी महासंघको प्रतिनिधि - सदस्य
च) पुर्वाधार विकास तथा वातावरण शाखाको प्रमुख (इन्जिनियर) - सदस्य - सचिव

**निर्णय नं. २**

कार्यपालिकाको बैठकको कार्यसुचिमा चढी निर्णयका लागी पेश भएको 'घ' वर्गको निर्माण व्यवसायी इजाजतपत्र दर्ता, नविकरण र नामसारीको शुल्क दस्तुर तोक्ने सम्बन्धमा छलफल गर्दा नगरसभाले दररेट नतोक्दा सम्मको अवधिको लागि साविकको जिल्ला विकास समितिको कार्यालय रौतहटबाट लिइदै आएको दस्तुरलाइ नै आधार मानि हाललाइ तपशील अनुसारको शुल्क दस्तुर लिने निर्णय गरीयो ।

क) घ बर्गको निर्माण व्यवसायी इजाजत दर्ता शुल्क रु. ५०००/- (अक्षेरुपी पाँच हजार मात्र)

ख) घ बर्गको निर्माण व्यवसायी इजाजत नविकरण प्रतिबर्ष शुल्क रु. ३०००/- (अक्षेरुपी तिन हजार मात्र)

ग) घ बर्गको निर्माण व्यवसायी इजाजत नामसारी शुल्क रु. ५०००/- (अक्षेरुपी पाँच हजार मात्र)

Scanned by CamScanner

**निर्णय नं. ३**

कार्यपालिकाको बैठकको कार्यसुचिमा चढी निर्णयका लागि पेश भएको आ.व. २०७४/७५ को आन्तरीक लेखा परिक्षण गराउने सम्बन्धमा छलफल हुँदा आ.व. २०७४/७५ को आन्तरीक लेखा परिक्षण गरीदिन श्री ~~आन्तरिक~~ कोष तथा लेखा नियन्त्रक कार्यालयलाइ दिने निर्णय गरीयो ।

**निर्णय नं. ४**

कार्यपालिकाको बैठकको कार्यसुचिमा चढी निर्णयका लागि पेश भएको २०७४ सालको S.E.E. परिक्षामा सर्वोत्कृष्ठ अङ्क प्राप्त गर्ने छात्र छात्राहरुलाइ पुरस्कृत गर्ने सम्बन्धमा छलफल हुँदा गुजरा नगरकार्यपालिकाको क्षेत्रभित्र रहेका सामुदायीक विद्यालयबाट २०७४ सालको SEE परिक्षामा सर्वोत्कृष्ठ अंक प्राप्त गर्ने ३ जना छात्र, ३ जना छात्रा र दलित छात्र ३ जना, दलित छात्रा ३ जना गरी जम्मा १२ जना छात्र छात्रालाइ पुरस्कृत गर्ने प्रयोजनको लागि नामावली संकलन गरी सर्बोत्कृष्ठ छात्र छात्राको नामावली नगरपालिकामा पेश गर्न गुजरा नगरपालिका शिक्षा शाखालाई निर्देशन दिने निर्णय गरीयो ।

**निर्णय नं. ५**

कार्यपालिकाको बैठकको कार्यसुचिमा चढी निर्णयका लागि पेश भएको स्थानीय तहगत गरीब घरपरिवारको अन्तिम सुची सम्बन्धमा गरिब घरपरिवार सहयोग समन्वय बोर्डको सचिवालय अनामनगर, काठमाण्डौबाट प्राप्त यस नगरपालिकाको गरीब घरपरिवारको अन्तिम सूची सम्बन्धमा बैठक समक्ष पेश गरी जानकारी भयो ।

Scanned by CamScanner

**वैठक संख्या :- १४/२०७५/०७६**

आज मिति २०७५ भाद्र महिनाको २६ गते मगलवारका दिन गुजरा नगरपालिका,नगर कार्यपालिकाको बैठक नगर प्रमुख **श्री सन्तलाल प्रसाद चौधरी** ज्युको अध्यक्षतामा देहायका पदाधिकारी ज्युहरुको उपस्थितीमा पेश भएका निम्न प्रस्तावहरु उपर छलफल गर्न बैठक बस्यो ।

## उपस्थिति

| क. सं. | पद | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | प्रमुख | सन्तलाल प्रसाद चौधरी | |
| २ | उप-प्रमुख | रौशन खातुन शेख | |
| ३ | १ नं. वडा अध्यक्ष | राजकिसोर प्रसाद | |
| ४ | २ नं. वडा अध्यक्ष | अशोक कुमार खा थारु | |
| ५ | ३ नं. वडा अध्यक्ष | गजेन्द्र कुमार चौधर्री | |
| ६ | ४ नं. वडा अध्यक्ष | पवनराज गिरी | |
| ७ | ५ नं. वडा अध्यक्ष | मोहमद आरिफ मिया दर्जी | |
| ८ | ६ नं. का.वा. वडा अध्यक्ष | रामदरेश राय यादव | |
| ९ | ७ नं. वडा अध्यक्ष | मोफिल चौधरी | मोफील चौ. |
| १० | ८ नं. वडा अध्यक्ष | नेक महमद मिया मसुरी | |
| ११ | ९ नं. वडा अध्यक्ष | दिपेन्द्र पनहर | |
| १२ | सदस्य (महिला) | कुमरी देवी | कुमरी देवी |
| १३ | सदस्य (महिला) | नगिना देवी ठाकुर | नगीना |
| १४ | सदस्य (महिला) | पुजा कुमारी चौधरी | |
| १५ | सदस्य (महिला) | रिन्कु कुमारी चौधर्री | |
| १६ | सदस्य (महिला) | श्रीस्ता देवी खा थारु | श्रीस्ता |
| १७ | सदस्य(दलित वा अल्पसङख्यक) | जितन्द्र राउत | जितेन्द्र |
| १८ | सदस्य(दलित वा अल्पसङख्यक) | पुनित राम महरा | |
| १९ | सदस्य(दलित वा अल्पसङख्यक) | रामबाबु साह कलवार | |
| २० | सदस्य -सचिव | किरणनिधि तिवारी | |

Scanned by CamScanner

## निर्णका लागि पेश भएका एजेण्डाहरु

१. वजेट सिमा निर्धारण सम्वन्धमा ।

२. नगरसभा कार्यतालिका पारित गर्ने सम्वन्धमा ।

३. वकैया खोलाको ढुगां, गिट्टी र वालुवाको राजश्व उठाउने सम्वन्धमा ।

४. वकैया खोलाको ढुगां, गिट्टी वालुवाको ठेक्का व्यवस्थापन सम्वन्धमा ।

५. ज्यालादारी तथा करारका कर्मचारी सम्वन्धमा ।

६. ODF घोषणा सम्वन्धमा ।

७. पूर्ण खोप घोषणा सम्वन्धमा ।

८. वालदिवस मनाउने सम्वन्धमा ।

९. संविधान दिवस मनाउने सम्वन्धमा ।

१०. पदाधिकारीको पारिश्रमिक भुक्तानी सम्वन्धमा ।

Scanned by CamScanner

**निर्णय नं. १**

प्रस्ताव नं. १ को वजेट सिमा निर्धारण सम्बन्धि विषय कार्यसूचीमा चढी छलफल हुँदा सो विषय उपर व्यापक छलफल गरी २०७५/०५/२८ गते वस्ने नगरपालिकाको वैठकमा निश्कर्षमा पुग्ने निर्णय गरियो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ को नगरपालिका नगरसभा कार्यतालिका पारित गर्ने विषय कार्यसूचीमा चढी छलफल हुँदा २०७५/०५/२८ गते वस्ने वैठकबाट पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ बकैया खोलाको ढुगां, गिट्टी र वालुवाको राजश्व उठाउने सम्बन्धि प्रस्ताव कार्यसूचीमा चढी छलफल हुँदा प्रदेश सभाले तोकेको प्रति क्युफिट रु. ४ का दरले ठेक्का बन्दोबस्त नहुदाँसम्मको लागि हाललाई कर्मचारी खटाई अमानतबाट २०७५/०६/०१ देखि राजश्व रकम उठाउने निर्णय गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ बकैया खोलाको ढुगां, गिट्टी र वालुवाको ठेक्का बन्दोबस्त सम्बन्धमा फतुवा विजयपुर नगरपालिका सँग समन्वय गरी साझेदारीमा सयुंक्त ठेक्का बन्दोबस्त गर्ने गरी र ठेक्का सकार अंकको प्रदेश सभावाट फिर्ता प्राप्त हुने कुल रकम मध्ये कम्तिमा ४० प्रतिशत यस नगरपालिकाले हिसा पाउने गरी समझदारी गर्न नगर प्रमुख लाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ ज्यलादारी तथा करारका कर्मचारीलाई निरन्तरता दिने विषय कार्य सूचीमा चढी छलफल हुँदा नगरपालिकामा कार्यरत प्राविधिक /प्रशासन तर्फका ज्यालादारी तथा करारमा कार्यरत कर्मचारीहरुको सेवालाई निरन्तरता दिने निर्णय गरियो । नगरसभाबाट समर्थन हुने गरी नियमानुसार पाउने पोशाक खर्च समेत उपलब्धं गराउने निर्णय गरियो ।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ ODF घोषणा सम्बन्धि प्रस्ताव कार्यसूचीमा चढी छलफल हुँदा D-WASH CC मा नगरप्रमुख ज्यूले जनाउनु भएको प्रतिवद्धता अनुरुप मिति : २०७५/०३/०३ गते यस गुजरा नगरपालिकालाई खुल्ला दिशामुक्त नगर घोणा गर्ने र सो कार्यमा सरोकारवाला सबै पक्षलाई अथक प्रयास गर्न अनुरोध गर्ने निर्णय गरियो ।

Scanned by CamScanner

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ पूर्ण खोप घोषणा सम्बन्धि प्रस्ताव कार्यसूचीमा चढी छलफल हुँदा घोषणा हुन वाँकी रहेका वडाहरुलाई अविलम्ब पूर्ण खोप घोषणा गरी सम्पूर्ण नगरलाई नै पूर्ण खोप युक्त नगर घोषणा गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ वालदिवस मनाउने सम्बन्धि प्रस्ताव कार्यसूचीमा चढी छलफल हुँदा वाल दिवस २०७५ यहि भाद्र २९ गतेका दिन अतिरित्त कृयाकलापहरु गरी आ-आफ्नो विद्यालयहरुमा वाल दिवस मनाउनका लागि नगरपालिकाको सम्पूर्ण विद्यालयहरुलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

प्रस्ताव नं. ९ संविधान दिवस मनाउने सम्बन्धि प्रस्ताव कार्यसूचीमा चढी छलफल हुँदा संङघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च. नं. ७५ मिति २०७५/०५/२५ को पत्रानुसार बुदाँ नं. "ख" स्थानिय तह स्तरिय समारोह समिति गठन गर्ने र सो समितिले तय गरे बमोजिमका कार्यक्रमहरु सञ्चालन गर्नुका साथै मिति : २०७५ असोज २,३ र ४ गते आ-आफ्ना (कार्यालय मा) साझ दिपावली गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

प्रस्ताव नं. १० पारिश्रमिक भुक्तानी सम्बन्धि प्रस्ताव कार्यसूचीमा चढी छलफल हुँदा नगरपालिका पदाधिकारीहरु (तथा सदस्यहरु)का पारिश्रमिक निर्वाचित भई शपथ ग्रहण भएको मिति देखि लागु हुने गरी प्रदेश सभाले तोकेबमोजिम नगर सभाबाट समर्थन हुने गरी भुक्तानी दिने निर्णय गरियो ।

नगीना

Scanned by CamScanner

**वैठक संख्या :- १५/२०७५/०७६**

आज मिति २०७५ भाद्र महिनाको २८ गते विहिवारका दिन गुजरा नगरपालिका,नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री **सन्तलाल प्रसाद चौधरी** ज्युको अध्यक्षतामा देहायका पदाधिकारी ज्युहरुको उपस्थितीमा पेश भएका निम्न प्रस्तावहरु उपर छलफल गर्न बैठक बस्यो ।

## उपस्थिति

| क. सं. | पद | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | प्रमुख | सन्तलाल प्रसाद चौधरी | |
| २ | उप-प्रमुख | रौशन खातुन शेख | |
| ३ | १ नं. वडा अध्यक्ष | राजकिसोर प्रसाद | |
| ४ | २ नं. वडा अध्यक्ष | अशोक कुमार खा थारु | |
| ५ | ३ न. वडा अध्यक्ष | गजेन्द्र कुमार चौधरी | |
| ६ | ४ न. वडा अध्यक्ष | पवनराज गिरी | |
| ७ | ५ नं. वडा अध्यक्ष | मोहमद आरिफ मिया दर्जी | |
| ८ | ६ न. का. वा. वडा अध्यक्ष | रामदरेश राय यादव | |
| ९ | ७ नं. वडा अध्यक्ष | मोफिल चौधरी | |
| १० | ८ नं. वडा अध्यक्ष | नेक महमद मिया मंसुरी | |
| ११ | ९ नं. वडा अध्यक्ष | दिपेन्द्र पनहर | |
| १२ | सदस्य (महिला) | कुमरी देवी | |
| १३ | सदस्य (महिला) | नगिना देवी ठाकुर | |
| १४ | सदस्य (महिला) | पुजा कुमारी चौधरी | |
| १५ | सदस्य (महिला) | रिन्कु कुमारी चौधरी | |
| १६ | सदस्य (महिला) | श्रीस्ता देवी खा थारु | |
| १७ | सदस्य(दलित वा अल्पसङख्यक) | जितेन्द्र राउत | |
| १८ | सदस्य(दलित वा अल्पसङख्यक) | पुनित राम महरा | |
| १९ | सदस्य(दलित वा अल्पसङख्यक) | रामबाबु साह कलवार | |
| २० | सदस्य -सचिव | किरणनिधि तिवारी | |

Scanned by CamScanner

## निर्णयका लागि पेश भएका एजेण्डाहरु:-

१. नगर सभाको मिति तोक्ने सम्बन्धमा ।
२. कर्मचारीको उपस्थिति सम्बन्धमा ।

### निर्णय नं. १

प्रस्ताव नं. १ नगर सभाको मिति तोक्ने प्रस्ताव कार्य सूचीमा चढी छलफल हुंदा गुजरा नगरपालिकाको दोस्रो नगर सभा (वजेट अधिवेशन) यहि मिति २०७५/०६/१८ गते अपराह्न १:00 वजे उ.मा. वि. सिमरा भवानीपुरमा गर्ने निर्णय गरियो ।

### निर्णय नं. २

प्रस्ताव नं. २ कर्मचारी उपस्थिति सम्बन्धित प्रस्ताव कार्य सूचीमा चढी छलफल हुंदा गुजरा नगरपालिकाको सम्पूर्ण वडामा रहेका सरकारी कार्यालयका कर्मचारी तथा विद्यालयका शिक्षक एवंम कर्मचारीहरु कार्यालय समयमा उपस्थित हुने र तोकिएको पदीय जिम्मेवारी ईमान्दारी पूर्वक गर्न गराउनको लागि सम्बन्धित सबै कार्यालय मार्फत निर्देशन दिने निर्णय गरियो ।

Scanned by CamScanner